# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission, Nepal**

केन्द्रीय कार्यालय Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal


## प्रेस-विज्ञप्ति

१२ असार, २०७८

***सन्दर्भ : यातनापीडितहरुको सहयोगसम्बन्धी अन्तर्राष्ट्रिय दिवस (२६ जुन)***

## यातना विरुद्धको अधिकार सुनिश्चित गर्न आग्रह

राष्ट्रिय मानव अधिकार आयोगले स्थापना कालदेखि नै यातना दिइने कार्यको विरुद्ध अनुगमन तथा अनुसन्धान गर्दै आइरहेको छ । विशेषगरी सशस्त्र द्वन्दको समयमा यातना दिइने कार्यबाट हजारौं व्यक्तिहरु पीडित भएको सम्बन्धमा आयोगमा उजूरीहरु दर्ता भई अनुगमन तथा अनुसन्धानमार्फत पीडितलाई क्षतिपूर्ति र दोषीलाई कारबाहीको लागि नेपाल सरकारलाई सिफारिस गरेको थियो । आयोगबाट सिफारिस गरिएका घटनाहरुमा पीडितलाई क्षतिपूर्त दिलाउने बाहेक दोषीलाई कानूनी कारबाही गर्ने कार्य अत्यन्तै न्यून रहेको देखिन्छ ।

त्यसैगरी, यातना विरुद्धको अधिकारको संरक्षणको लागि आयोगले हिरासत तथा कारागारको निरन्तर रुपमा अनुगमन गर्दै आइरहेको छ । अनुगमनको क्रममा देशका सबैजसो कारागारमा क्षमता भन्दा बढी कैदीबन्दीहरु राखिएकोले सरसफाई, खानेपानी लगायतमा देखिएका समस्याहरुको सुधारका लागि समेत आयोगले नेपाल सरकारलाई पटक पटक सिफारिस गर्दै आइरहेको स्मरण गर्दछ । पछिल्लो समयमा व्यक्तिलाई पक्राउ गरी जानकारी लिने वा साविती गराउने नाममा जुम्ला, रौतहट, चितवन लगायतका जिल्लाहरुमा यातनाका कारण मृत्यु भएको भनी आयोगमा उजूरी प्राप्त भएका छन् ।

नेपालको संविधान, मुलुकी अपराध संहिता, २०७४ तथा नेपाल पक्षराष्ट्र भएको यातना तथा अन्य क्रूर अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको अन्तर्राष्ट्रिय महासन्धि, १९८४, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिले यातनाविरुद्धको अधिकार सुनिश्चित गरेको छ । साथै, नेपालले यातना दिइने कार्य नियन्त्रण गर्ने सम्बन्धमा अन्तर्राष्ट्रिय मञ्चहरुमा समेत पटक पटक प्रतिबद्धता व्यक्त गर्दै आएको छ ।

अत : व्यक्तिलाई यातना दिइने जस्तो अमानवीय कार्य तथा अपराधजन्य कार्य कहिँ कतैबाट पनि नगर्न, नगराउन, यातनाका घटनामा संलग्न दोषीलाई कानूनी दायरामा ल्याउन आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।

..................................

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal

अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५ *Audio Notice Board Service Number 1618 01 5010015*

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org